नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
श्रावण/भाद्र २०७४ (August 2017) वर्ष २१/अङ्क २४५

## आफ्ना तोडाहरूलाई नगाड् तर चलाऊ

- पाष्टर रोबर्ट कार्थक

नेइमको सबै भन्दा बहुमूल्य ठाउँ धापासी हो कारण हामीले धेरै प्रभुका दास-दासीहरूलाई त्यहाँ गाडेका छौं । हामीले उहाँहरूलाई मात्र होइन तर उहाँहरूले नचलाएका तोडाहरू, उहाँहरूका सिप र अनुभवहरूलाई पनि त्यहाँ गाडिदिएका छौं । यदि ती तोडाहरू चलाइएको भए नेपालमा ठूलो जागृति आउन सक्ने थियो । एक दिन समय आउँछ हामी र हामीसँग भएका नचलाइएका तोडाहरू पनि त्यहाँ गाडिनेछन् ।

हाम्रा तोडाहरू चलाएर परमेश्वरको काम दिन छँदै गर्नुपर्छ यसको लागि हामीले आफैलाई जिउँदो बलिदानको रूपमा अर्पण गर्नुपर्छ । "मलाई पठाउनुहुनेको कामहरू हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ, जब कसैले काम गर्न सक्दैन" यूहन्ना ९:४ । "बलिदानको पशुलाई वेदीको सीङमा डोरीले तन्काएर बाँध" भजनसंग्रह ११८:२७ "ख" पुरानो संस्करणबाट । बलिको पशुलाई किन बाध्नुपर्छ ? रोमी १२:१ मा लेखिएको छ "...कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर ।" जिउँदो पशुलाई बलिवेदीमा राख्दा बाँध्नु पर्छ । प्रस्थान २२:९ "परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लगाएर राखे । त्यसपछि तिनले आफ्नो छोरा इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे ।" १० पदमा ...तब अब्राहामले आफ्नो छोरालाई बलि गर्न छुरी उठाए । पद १२ मा ...उनले भने "तेरो हात त्यस केटामाथि नउठा", र "त्यसलाई केही नगर् । अब मैले थाहा पाएँ तैंले परमेश्वरको भय मान्दोरहेछस्, किनकि तेरो छोरो, तेरो एकमात्र छोरालाई पनि मबाट तैंले रोकेर राखिनस् । जब अब्राहामले आफ्नो छोरो इसहाकलाई बाँध्न लागेको थियो, त्यस बेला इसहाकले आफ्नो बुढो बाबुलाई धकेलेर भाग्न सक्थ्यो । तर ऊ भागेन, उसलाई कुन कुराले बाँधेर राखेको थियो होला । डोरीले ? होइन, उसको बुवाप्रतिको समर्पणताले हो । उसको बुवाले परमेश्वरप्रति गरेको समर्पण पूरा गर्ने कुराले उसलाई बाँधेको थियो ।

मण्डलीमा हामी अरूको समर्पणताको आशा गर्छौं तर हामी आफैमा त्यो पूर्ण समर्पणता छैन । हाम्रो समर्पणता देखावटी भएको छ । हामीले परमेश्वरमा गरेको समर्पणतालाई पूरा गरेका छैनौं । हामीले गरेको समर्पणताको डोरीले हामी बाँधिएको हुनुपर्ने तर हामी बाँधिएका छैनौं । हामी मानिस मात्र हौं भनी बहाना गर्छौं तर २ कोरिन्थी ५:१७ अनुसार हामी ख्रीष्टमा नयाँ सृष्टि हौं । जब परमेश्वरले हामीलाई हेर्नुहुन्छ तब उहाँले हामीलाई नयाँ मानिस देख्नुहुन्छ । हामी नयाँ मानिस भएर जिउनुपर्छ, हामीमा भएको पुरानो कुराहरू कठोरता, ईर्ष्या रिसलाई बाध्न सक्नुपर्छ र नयाँ मानिस भएर जिउने प्रतिबद्धता लिनुपर्छ । हाम्रो समर्पणतामा हल्कापन आएको छ । हामी कसरी सजिलैसँग, कामनै नगरी पैसा कमाउन सकिन्छ भनी बाटो खोजिरहेका छौं । कतिले चिट्ठा हालिराखेका छन् कतिले भ्रष्टचार गरिराखेका छन् । "बेईमानीसँग कमाइएको धन घट्दै जान्छ, तर अलि-अलि गर्दै जम्मा गरेको धन बढ्दै जान्छ" हितोपदेश १३:११ । हामी होशियार हुनुपर्छ । धन कमाउनुपर्छ तर बेईमानसँग कमाउनु हुँदैन । हामीले कमाएकोबाट दिन सिक्नुपर्छ । आज कतिले यस्तो विचार गर्छन् मण्डलीले हामीलाई के दिएको छ ? तर हाम्रो समर्पणताले हामीलाई यस्तो विचार गर्न तुल्याउँछ कि हामीले मण्डलीको लागि के दिएका छौं ।

अभावमा जिउनेहरूले अरूलाई सहायता गर्न सक्दैनन् । आफूलाई पुग्दो हुनेहरूले पनि अरूलाई दिन सक्तैनन् । तर प्रशस्त हुनेहरूले मात्र अरूलाई दिन सक्छन् । के हामीले पाएको प्रशस्त आशिष्बाट अरूलाई दिने काम गरिराखेका छौं ? आशिष्चाहिँ अरूसँग बाँड्नको लागि हो । जब हामी आशिष् थुपारेर राख्छौं त्यो बासी हुन्छ, त्यसमा कीरा पर्छ । हामी गरीबीमा जिएको परमेश्वर चाहनुहुन्न, उहाँले हामीलाई यथेष्टमात्र होइन तर प्रशस्त दिन चाहनुहुन्छ, ताकि हामीले अरूहरूसँग ती आशिष् बाँड्न सकौं । यदि हामी समर्पित भएर परमेश्वरले दिनुभएका तोडाहरू चलाउनु हो भने येशूलाई प्रभुको स्थानमा राख्न सिक्नुपर्छ । आज मण्डलीले पूरा सुसामाचार सुनाएका छैन खाली आधा सुसामाचारमात्र सुनाएको छ । आज हामीले येशूलाई मुक्तिदाता भनेर चिनायौं तर उहाँलाई प्रभु भनेर चिनाएनौं । बाइबलमा येशूलाई मुक्तिदाता भनेर ग्रहण गर्नुपर्छ भनी बताएको छैन । "किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ" रोमी १०:९-१० । "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो" प्रेरित २:३६ । "चाहे हामी बाँचौं, चाहे मरौं, हामी प्रभुकै हौं । यसैको निम्ति ख्रीष्ट मर्नुभयो र फेरि जीवित हुनुभयो, कि उहाँ मरेकाहरू र जीवितहरू दुवैका प्रभु होऊन्" रोमी १४:९ । आज हामीले येशूलाई मुक्तिदाता मात्र होइन तर प्रभु भनेर

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **श्रावण २८** August 12 | पाष्टर रोर्बट कार्थक एल्डर सिमोन पाठक | डीकनेस् रश्मिला तामाङ्ग | डीकन दान बहादुर अधिकारी | श्री ध्रुव घिमिरे | एल्डर रूबेन श्रेष्ठ | श्रीमती दिना शाह | श्री पुरुषोत्तम न्यौपाने |
| **भाद्र ३** August 19 | एल्डर सामुएल क्षेत्री | एल्डर मान बहादुर मगर | डीकन बाग मान तामाङ्ग | एल्डर गोपाल शर्मा | डीकन सिमोन भण्डारी | श्री पर्शुराम अधिकारी | पाष्टर बि.बि. खवास |
| **भाद्र १०** August 26 | एल्डर अर्जुन ढकाल | एल्डर पूर्ण सुनुवार | श्री लेखनाथ पौडेल | पाष्टर रोबर्ट कार्थक | श्री सुकराम तामाङ्ग | डीकन बाबुराम के.सी. | श्री भुवन देवकोटा |
| **भाद्र १७** September 2 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

स्वीकार गर्नुपर्छ। उहाँ हामीमा प्रभु भएर जिउन चाहनुहुन्छ। हामी खीष्ट जस्तै बन्नु हो भने खीष्टलाई हामीमा जिउन दिनुपर्छ । "म खीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर खीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।" गलाती २:२० । हामीले आफैलाई डोरीले बाँध्ने होइन तर उहाँलाई हामीमा जिउन दिनुपर्छ । यसको लागि समर्पणता चाहिन्छ ।

यदि हामीले परमेश्वरले दिनुभएको तोडा चलाएर परमेश्वरको सेवा गर्नु हो भने हामी परमेश्वरले दिनुहुने आशिष्मा जिउन सिक्नुपर्छ । "आफ्नो महिमा र श्रेष्ठताद्वारा बोलाउनुहुनेलाई हामीले चिनेको हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ" २ पत्रुस १:३ । "हाम्रा प्रभु येशू खीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हमीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले खीष्टमा आशीर्वाद दिनुभएको छ" एफिसी १:३ । परमेश्वर पिताले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले खीष्टमा आशीर्वाद दिनुभएको छ । पुरानो अंग्रेजी बाइबलमा स्वर्गीय स्थानहरू भनिएको छैन । त्यहाँ स्वार्गीय (HEAVENLIES) भनिएको छ । यसलाई हामी स्वर्गीय वातावरण भनी बुझ्दछौं । परमेश्वरले दिनुभएका आशिष्हरू उपभोग गर्नु हो भने हामी स्वर्गीय वातावरणमा बस्न सिक्नुपर्छ । परमेश्वरले आशिष् दिनुभएको छ तर हामीले त्यो अनुभव गर्न सकिराखेका छैनौं, कारण हामी बुवाको घरमा होइन तर सुँगुरको खोरमा नै छौं । हामी सेवा संगतिको समयमा संसारकै साथीहरूसँग बस्न रूचाउँछौं, साथीहरूसँग घुम्न जान्छौं, पिकनिक जान्छौं । संसारसँग एउटै चालमा चलिराखेका छौं, अनि मेरो पिताको घरमा यस्ता आशिष्हरू छन भनेर भनिराखेका छौं । हामीसँग बाइबल पढने, प्रार्थना गर्ने, संगतिमा जाने समय छैन । हामी स्वर्गीय स्थानमा बसेका छैनौं, सुँगुरको खोरमा नै बसिराखेका छौं । अब हामी उठेर बुवाको घरमा आउनुपर्छ । कुनै पनि छोरा बाबुको कमारा बन्न सक्दैन । एकचोटि छोरा भए जन्मिएपछि जीवनभरी नै छोरा हुन्छ । आफूसँग भएको पैसा तास जुवा खेलेर वा वेश्याहरूसँग उडाएता पनि, सुँगुरको चारोले पेट भर्न चाहेता पनि त्यो बुवाको छोरा नै हुन्छ । छोरा घर फर्केर आउँदा बुवाले त्यसलाई कमारा बनाउन सक्तैन । तर छोरा भएर बुवाको घरमा बस्न सक्छ तर यसको लागि समर्पणता चाहिन्छ । आज परमेश्वर हामीबाट त्यो समर्पणता खोज्दै हुनुहुन्छ । अब हामी बाबुको घरमा बसेर जिम्मेवारी उठाउनेहरू बन्न परेको छ । यसैकारण हामी स्वर्गीय वातावरणमा बस्ने, येशु प्रभुलाई प्रभु मान्ने र पिताको इच्छा पूरा गर्न हाम्रा तोडाहरू यो जीवन छँदै प्रयोग गर्नेहरू हुन सकौं ।

## जानकारी

आषाढ २४ गते जुलाई ८ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ६१ जनाको समर्पण भयो ।

आषाढ २४ गते जुलाई ८ तारिख शनिबार नेइम पनौती मण्डलीमा ७ जनाको समर्पण भयो ।

आषाढ २४ गते जुलाई ८ तारिख शनिबार नेइम पनौती मण्डलीमा २ जनाको बाल अर्पण भयो ।



बेथानी आश्राममा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती चेत कुमारी सापकोटा ९७ वर्षको उमेरमा आषाढ २९ गते/जुलाई १३ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

## हार्दिक बधाई



आषाढ २८ गते/जुलाई १२ तारिख बुधबार नेइम गोंगबू मण्डलीको सदस्यहरू श्री **प्रवीन महर्जन** र सुश्री **मनिषा के.सी.**को स्काई रेस्रो एण्ड बूटिकमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रवीन** र **मनिषा महर्जन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## अगष्ट महिनाको कार्यक्रम

भाद्र १ गते/अगष्ट १७ तारिख बिहीबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
| श्रावण २८ August 12 | एल्डर गोपी राई | डीकन पेशल राई | श्री कृष्ण श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | डीकन मोहन श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर सिमोन खालिङ्ग |
| भाद्र ३ August 19 | पाष्टर रोबर्ट कार्थक | श्री कृष्ण तामाङ्ग | एल्डर दिनेश न्यौपाने | पाष्टर राम कु. बुढाथोकी | श्री राज गुरूङ्ग | एल्डर पिटर लिम्बू | श्री गोपाल राना मगर | एल्डर जोरवीर राई |
| भाद्र १० August 26 | एल्डर घन श्याम दाहाल | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर बि.एन. पण्डित | श्री सुरेन्द्र सापकोटा | श्री गोपाल राना मगर |
| भाद्र १७ September 2 | एल्डर अष्ट श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर गोपी राई | एल्डर दानियल सापकोटा | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |

# विषेश प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

३. वर्षायामको समयमा विभिन्न ठाउँहरूमा बाढी पहिरोको कारण संकष्टमा परेकाहरूको लागि समयमा नै राहत मिल्न सकून साथै बाढी पहिरोको कारण महामारी नफैलिएको होस् भनी प्रार्थना गरिदिऔं

४. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै खीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

५. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जानको साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं।

७. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

८. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र खीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा सुसमाचार प्रचारको काममा बोझसाथ लागिपर्न सकून् ।

१०. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

११. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

१२. सम्पूर्ण मण्डलीका जवानहरूले परमप्रभु परमेश्वरलाई आफ्नो सारा हृदयले, प्राणले र समझले प्रेम गर्न सकून् साथै उनीहरूको जीवन परमप्रभुमा साँचो आराधनाको रूपमा अर्पण गर्न सकून् र साक्षीपूर्ण जीवन जिउन पवित्र आत्माको सहायता मागिदिऔं ।

## मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष् अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तै: निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान, धापासी कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २२ 6<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>भजनसंग्रह १:१-६ | २९ 13<br>नेपाल देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १५:१६, २०:२१-२३ | ४ 20<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई पवित्र आत्माको अगुवाइमा विश्वास-योग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | ११ 27<br>मण्डलीलाई अगुवाइ गरिराख्नु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ |
| **सोमबार**<br>Monday | २३ 7<br>मण्डलीको विश्वासीहरू व्यक्तिगत, पारिवारिक, सामूहिक प्रार्थना गर्ने क्षेत्रमा सेलाएर नगएको होस् ।<br>प्रकाश ३:१४-१९ | ३० 14<br>परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं रहने नभई बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी ३:१-३, हिब्रू ५:११-१३ | ५ 21<br>मण्डलीको जीवनमा प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारमा सिथिलता नआएको होस् ।<br>रोमी १२:११-१२ | १२ 28<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ |
| **मंगलबार**<br>Tuesday | २४ 8<br>मण्डलीमा पवित्र आत्माबाटको आश्चर्यकर्म, चिन्ह, चंगाइ ठूला ठूला कामहरूको लागि प्रार्थना गरौं जसको कारण धेरै मानिसहरू सुसमाचार सुनेर साथै यी कामहरूद्वारा पनि परमेश्वरको राज्यमा आउन सकून् ।<br>प्रेरित ५:१२-१६, | ३१ 15<br>मण्डलीलाई सिथिल, निराश, कमजोर बनाउने रोग, चिन्ता, अशान्ति, गरीबी आदि कुराहरूलाई येशू प्रभुको नाउँमा इन्कार गरौं ।<br>मत्ती १८:१८ | ६ 22<br>नेइमअन्तर्गतका सबै मण्डलीहरूको आवश्यकताअनुसार मण्डली भवनको लागि जग्गा, भवन निर्माण साथै अन्य सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।<br>हाग्गै २:१-९ | १३ 29<br>देशका सबै जातिहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ |
| **बुधबार**<br>Wednesday | २५ 9<br>घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | ३२ 16<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह ८४:१-१२ | ७ 23<br>बाल संगतिका शिक्षक/शिक्षिकाहरू र बाल बालिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश २२:६, १ कोरिन्थी १५:५८ | १४ 30<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ |
| **बिहीबार**<br>Thursday | २६ 10<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरू साथै छोराछोरीहरूको पढाइ, पालन पोषणको साथै आत्मिक कुराहरूमा पनि ध्यान पुऱ्याउनेहरू हुन सकौं ।<br>व्यवस्था ११:१८-१९, एफिसी ६:४ | १ भाद्र 17<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ८५:१२, याकूब १:१७ | ८ 24<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १५ 31<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरू होइन तर प्रभुका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-३ |
| **शुक्रबार**<br>Friday | २७ 11<br>हामी वचन पढ्ने, सुन्ने मात्र होइन तर सुनेको वचन मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>याकूब १:२२-२५ | २ 18<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरू साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ११९:१-१६ | ९ 25<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>कलस्सी ३:६-७ | १६ September 1<br>आराधना सेवामा आउनुहुनेहरू सधैं तयारीको साथ आई आत्मा र सत्यतमा उहाँको आराधना गर्न सकौं ।<br>यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>Saturday | २८ 12<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा मण्डलीले यथाशक्य भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८; २७:४ | ३ 19<br>अधुरो परिवारमा हुनुभएकाहरू सबै परिस्थितिमा स्थिर रहनको लागि प्रभुसँग अनुग्रह मागिदिऔं ।<br>हिब्रू २:१८ | १० 26<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ | १७ 2<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित १:८, २:४२-४७ |

## हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो नजीक हुनुभएझैं ईश्वर यति नजीक भएको अरू कुनचाहिँ यति महान् जाति छ ?

**(व्यवस्था ४:७)**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv